नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. अध्यावधिक गरिएको मकवानपुर जिल्लाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ लाई स्वीकृत गर्ने । योजनामा उल्लेखित कार्य/जिम्मेवारीहरू क्षेत्रगत निकायहरूले प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

२. श्री गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको च.नं. २५४, मिति २०७७-०२-२९ को निर्देशन कार्यान्वयन सम्बन्धी पत्रका सन्दर्भमा जिल्लाको विपद् जोखिमको प्रकृति अनुसार विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि पूर्व तयारीका कार्यहरू सम्बन्धित सबै निकायहरूसँग समन्य गरी गर्ने, गराउने ।

३. कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा स्थानीय तहहरूमा स्थापना गरिएका क्वारेन्टिनहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।

४. कोभिड-१९ को संक्रमणबाट यस जिल्लामा कुनै व्यक्तिको मृत्यु भएको खण्डमा सुरक्षित तवरमा शव व्यवस्थापन गर्नका लागि सबै स्थानिय तहहरूले निश्चित स्थान तोक्ने र कम्तिमा ५ वटा शव व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्रीको समेत व्यवस्था गर्ने ।

५. जिल्ला विपद् व्यवस्थापन समितिले मिति २०७६ माघ १ गतेदेखि २०७७ जेठ २० गतेसम्म निम्नानुसार वितरण गरेको राहत रकम रु.३,५०,०००/- अनुमोदन गर्ने ।

   (क) चट्याङबाट मृत्यु हुने १ जना रु.१,००,०००/-

   (ख) हावाहुरीबाट घर क्षति हुने ३० जनालाई रु.५,०००/- का दरले रु.१,५०,०००/-

   (ग) आगलागी क्षतिपूर्ति १० परिवार रु.१०,०००/- का दरले रु.१,००,०००/-

०७७।०२।२०

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी